संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

मिति : २०७५।१२।१०

पत्र संख्या : २०७५।७६
च.नं. :

श्री प्रमुखज्यू,
शैलुङ गाँउपालिका,
दोलखा ।

विषयः लेखापरीक्षणको प्रतिवेदन ।

यस कार्यालयबाट शैलुङ गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्वन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी : आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार संचालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४, तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी : प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्वन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार : कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा संचित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन :

१. लेखापरीक्षणबाट रु.२२ लाख ७९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने बेरुजू रु.५ लाख ७५ हजार, अनियमित बेरुजू रु.५ लाख ५० हजार, प्रमाण कागजात पेश नभएको रु.२ लाख ३९ हजार र पेश्की रु.९ लाख १५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७५।१०।२८मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ९ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय : कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको संचित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु वाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

शैलुङ गाँउपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४/७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न शैलुङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ८ वडा रहेको ४४ सभा सदस्य १२८.६७ व.कि.मी. क्षेत्रफल, २०,०९८ जनसंख्या ३ नं. प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चित कोषःआर्थिक वर्ष २०७४/७५ संचित कोषको आय व्यय संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

क्र.सं	आय तर्फ			क्र.सं	व्ययतर्फ		
	विवरण	यस आवको रु.	गत आवको रु.		विवरण	यस आवको रु.	गत आवको रु.
१	**गत वर्षको जिम्मेवारी**			१	**चालू खर्च**	१९१७७२८२.१५	
	नगद			२	**पूजिगत खर्च**	१११४०२८४५.५६	
	बैंक	५८२९९८०.१३		३	**वित्तीय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**				गरिवसँग विश्वेश्वर	४२९०००.००	
	आन्तरिक राजस्व	३५६७९१२.००			एलजिसिडिपी	८८७१७२.००	
	राजस्व बाँडफाँड				जेष्ठनागरिक कार्यक्रम	५००००००.००	
	अन्य आय जिसस शिक्षाबाट	३१४०५०.००		४	**फिर्ता**		
३	**वित्तीय हस्तान्तरण**				कालेनिका फिर्ता	३९७१३४०.५३	
	वित्तीय समानीकरण अनुदान	१५०९४९०००.००			**शेयर लगानी**		
	समपूरक अनुदान				**अन्य लगानी**		
	विशेष अनुदान			५	**धरौटी**	२१९५१८.००	
	प्रदेश सारकारवाट प्राप्त अनुदान			६	**अन्य खर्च**		
४	**ससर्त अनुदान**			७	शिक्षा	७२९९२५२३.१०	
	शिक्षा	७७१२५०००.००			स्वास्थ्य	१४७३९२७२.३७	
	स्वास्थ्य	१३०१३०००.००			कृषि तथा पशु	१४१७७६१.००	
	कृषि तथा पशु	१५१८०००.००		८	सामाजिक सुरक्षा	४११५५९३१.००	
	विशेष अनुदान			९	**मौज्दात**		
५	**अन्तर स्थानीय तहबाट प्राप्त**				नगद मौज्दात		
६	**वित्तीय व्यवस्था प्राप्ती**				बैंक मौज्दात	३०५८०८१४.४२	
	गरिवसँग विश्वेश्वर	४२९०००.००			धराटी मौज्दात	३६२७४१.००	
	एलजिसिडिपी	१०६००००.००					
	जेष्ठनागरिक कार्यक्रम	५००००००.००					
	अन्य प्रप्ती						
७	**विभिन्न कोष तर्फको आय**						
८	**जनसहभागिता (नगद)**	५००००००.००					
९	**सामाजिक सुरक्षा**	४२४४८०००.००					
१०	**धरौटी आय**	५८२२५९.००					
११	**लगानीको साँवा फिर्ता**						
१२	**अन्य विविध आय**						
	जम्मा	**२९७८३६२०१.१३**			जम्मा	**२९७८३६२०१.१३**	

दफा	लेखापरीक्षणवाट देखिएका व्यहोराहरु	रकम
	कानून परिपालनाको स्थिति :-नेपालको संविधान २०७२ को धारा २२६ मा गाउँ सभाले अनुसूची ८ र अनुसूची ९ वमोजिमको सूचीमा उल्लेख भएका विषयमा आवश्यक कानून वनाउन सक्ने व्यवस्था छ । यसैगरी धारा २२८ मा कानून वमोजिम वाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था छ । कानून अनुसार कार्य सम्पादन गर्न गाँउपालिकाले देहायानुसारका कानून निर्माण गरेको देखिएको छ ।	

ऐनहरु	प्रमाणिकरण मिति
शैलुङ गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन	२०७४/१०/२२
शैलुङ गाँउपालिकाको सहकारी ऐन	२०७४/१०/२२
शैलुङ गाँउपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको कानून	२०७४/१०/२२
शैलुङ गाँउपालिकाको कृषि प्रवद्धन ऐन	२०७४/१०/२२
शैलुङ गाँउपालिकाको विपद व्यवस्थापन तथा जोखिम न्यूनिकरण गर्न बनेको कानून	२०७४/१०/२२
शैलुङ गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन	२०७४/१०/२२
शैलुङ गाँउपालिकाको शिक्षा ऐन	२०७४/१०/२२
शैलुङ गाँउपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन	२०७५/३/१२
शैलुङ गाँउपालिकाको अनाथ तथा जोखिमयुक्त वालवालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) ऐन	२०७५/३/१२
शैलुङ गाँउपालिकाको विनियोजन ऐन	२०७५/३/१२
शैलुङ गाँउपालिकाको आर्थिक ऐन	२०७५/३/१२

१.	**खर्च गर्ने अख्तियारी र कार्यविधि** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने कार्यक्रम र बजेटसहित अख्तियारी प्रदान गर्ने व्यवस्था छ । २०७४/०३/२६ मा बसेको गाउँ सभाको बैठकबाट पारित बजेट अनुसार अख्तियारी दिएको छ । ससर्त तर्फको अख्तियारी एलएमविआइएस मा राखिने र सो अख्तियारी थपघट भएकोमा सोको जानकारी प्राप्त नहुदा अख्तियारी प्राप्तिमा समस्या पर्ने भएकोले सोको जानकारी शिघ्र दिने वा प्रिन्ट गर्न सकिने गरी व्यवस्थापन गर्नुपर्ने देखियो ।	
२.	**आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था भए पनि सो अनुसारको नियन्त्रण प्रणालीको व्यवस्था गरेको छैन । यसमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
३.	**श्रोत अनुमान तथा वजेट सिमा** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार गाउँ कार्यपालिकाले गरेको छ ।	

४. **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरक मिलाउने व्यवस्था छ ।तर सो नियमानुसार नगरी गाउँ कार्यपालिकाले एकै पटक गरेको छ ।

५. **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

६. **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १ प्रतिशत, दोश्रो चौमासिकमा १६ प्रतिशत र तेश्रो चौमासिकमा ८३.० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढमा मात्र २६ प्रतिशत खर्च देखिनुले तेश्रो चौमासिकमा आएर खर्चको भार अधिक रहेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । तेश्रो चौमासिक र आषाढ महिनामा बढी खर्च गरिँदा जोखिमका क्षेत्र बढ्नसक्ने देखिएकोले सन्तुलित खर्च व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखियो ।

७. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३५ रहेपनि पदपूर्ति ८ रहेको देखियो । ४ अधिकृत सहित २७पद रिक्त रहेका छन । ती मध्ये १८ जना करारमा राखि कार्य संचालन गरिएको छ । समयमा पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेकोले दरवन्दी अनुसारको पदपूर्ती गर्नुपर्ने देखियो । दरबन्दी अनुसार पदपूर्ति गर्ने तर्फ सम्वद्ध निकायको ध्यान दिनुपर्दछ ।

८. **आन्तरिक आय :** आन्तरिक आयको अनुमान शिर्षक समेत खुलाई वास्तविक हुनेगरी राख्नुपर्दछ । यस कार्यालयले शिर्षक नखुलाई एकमुष्ठ रु ५० लाख अनुमान गरेकोमा वास्तविक आय देहाय अनुसार भएको देखियो ।

क.स.	विवरण	अनुमान	रकम
१	टेण्डर बिक्री	५०००००.००	२६४००.०
२	जडिबुटी निकासी		४२४००.०
३	वन पैदावार निकासी		१४६९६५.०
४	भूमिकर तथा मालपोत		१७०६९३२.०
५	पञ्जीकरण		९१८४७.०
६	सिफारिस		६७७७८८.०
७	कृषि वस्तु निकासी		७९७९५०.०
८	बहाल कर		२५००.०
९	विविध		७५१३०.०
जम्मा		**५०००००.००**	**३५६७९१२.००**

शिर्षक खुलाई अनुमान तयार गर्ने गरी सुधार गर्नुपर्दछ । साथै अनुमानसँग तादाम्यता हुनेगरी आय स्रोत बढाउनु पर्दछ ।

९.	**सम्पत्ति लेखांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ गाँउपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भई आएका स्थानीय स्तरका कार्यालयका संरचना चल, अचल सम्पत्ती संरचना (कृषि, पशुसेवा, उपकेन्द्र, स्वास्थ्य चौकी, आर्युर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र र सामुदायिक सिकाई केन्द्र) विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना आदि गाउँपालिकामा स्वत हस्तान्तरण हुने उल्लेख छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाको लगत तयार गरी यस गाउँपालिकाले २०७५ असार मसान्त सम्म पनि सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम गाउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ । गाँउपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिएको छ । यसमा स्वास्थ्य बाहेक कृषि र पशुका उल्लेखित सामान प्राप्त भएको जानकारी दिएको छ ।	
१०.	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।यस सम्वन्धमा तयार हुदै गरेको जानकारी प्राप्त भएको छ ।	
११.	**कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार कल्याण कोषको व्यवस्था गरेको छैन । यस वर्षदेखि सो व्यवस्था गर्ने जानकारी प्राप्त भएको छ । सिघ्र कल्याण कोषको व्यवस्था गर्नुपर्दछ ।	
१२.	**विना प्रतिस्पर्धा खरिद :** सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ३१ मा रु २० लाख भन्दा बढी लागत अनुमान भएको मालसमान खरिद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरिद योजना बनाई बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सिलवन्दी दरभाउपत्रबाट खरिद गरी रु. २० लाख भन्दा कमको ५वटा जिआई पाईप खरिद सिलवन्दीबाट गरी रु ३९,६९,४८६।६५ खर्च गरेको छ । साथै ती सामानको प्रयोग गरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गर्नुपर्दछ ।	
१३.	**कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८, ६४ मा व्यवसाय कर, सवारी कर, मनोरञ्जन कर उठाउनुपर्ने व्यवस्था भए पनि सो अनुसार कर उठाएको छैन । उल्लेखित करको व्यवस्थापन गरी करको दायरा फराकिलो पार्नुपर्दछ ।	
१४.	**हेरालु खर्च :** प्रचलित नियमानुसार गत वर्ष भुक्तानी दिन बाँकीको मलेप १८ जिम्मेवार व्यक्तिबाट प्रमाणित गरि मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०७३/७४ को दायित्व सृजना नगरी हेरालु खर्च शिर्षकमा रु ८४,०००।- खर्च गरेकाले नियमसम्मत मान्न नसकिएको रु .	८४०००.००
१५.	**भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (१) मा अधिकार प्राप्त अधिकारीले बाहेक अरु कसैले पनि खर्च गर्ने आदेश दिन वा खर्च स्वीकृत गर्न हुदैन । आर्थिक अधिकारको जिम्मेवार प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश बेगर देहाएका भौचरबाट भुक्तानी भएको रकम नियमसम्मत मान्न सकिने आधार देखिएन । विधि प्रक्रिया पुऱ्याई नियमित गर्नुपर्ने रु.	७७०००.००

क्र.स	गो.नं./मिति	विवरण	कर रकम
१	६३-०७५/२/३०	बैठक तथा भेटघाट खर्च	३२०००.०
२	६४-०७५/३/७	विविध	१००००.०

३	६३-०७५/२/३०	साझेदारी कार्यक्रम	३५०००.०
जम्मा			**७७०००.०**

१६. **लागत अनुमान तुलना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा लागत अनुमान तयार गरि स्विकृत गराउनुपर्ने व्यवस्था रहेको छ । यसरी लागत अनुमान वनाउदा मितव्ययी कम खर्चिलो र प्रभावकारी हुनुपर्दछ । कार्यालयले लागत अनुमान बमोजिम कार्य सम्पन्न गरी भुक्तानी गरेका योजनाहरु र सोही अनुरुपको भौगोलिक वनावटमा अर्को गाँउपालिकाले उहि प्रकृतिको कार्य सम्पन्न गर्दा भुक्तानी गरेका ट्र्याक खोल्ने योजनाहरुको कटिङ अनुपात देहाय बमोजिम देखियो ।

योजनाको नाम	soft soil %	hard soil %	soft rock %	medium rock %	hard rock %	भुक्तानी रकम	
डाँडाखर्क भित्री पाखेडाँडा सडक	६५	२०	५	५	५	२३८९२२४.००	मेलुङ गाँउपालिका
सितली मेलुङ भैसै मुढे सडक	८०	१०	०	०	०	१३०७१५४.००	
मालुखोल भ्याकुरे चरिङ्गे सडक	६६	१९	०	५	५	२२४३५३४.००	
मालिका सितली कृषि सडक	८५	१०	०	५	५	१४३२९१५.००	
गैरीवारी दमाइ जिम्मल टोल सडक	६०	२०	०	०	०	१४३४०८०.००	
औसत अनुपात	**७५.७४**	**१६.८१**	**१.०६**	**३.१९**	**३.१९**		
							शैलुङ गाँउपालिका
गापा केन्द्र शैलुङ पर्यटकिय सडक	४४	५०	५	०	१	१६०८५१३.००	
गाँउपालिका केन्द्र ३ वडा केन्द्र जोड्ने	४०	५०	९	०	१	१९२६२३२.००	
विरेन्द्र मावि मागपौवा सडक	३६	४७	२	१	१०	२१४२०९२.००	
औसत अनुपात	**४०.५४**	**४९.६६**	**५.४१**	**०.३४**	**४.०५**		

उललेखित तथ्याङ्कको विश्लेषण गर्दा यस्तो अनुपात भौगोलिक स्थितिको आधारमा फरक पर्ने भएपनि औसत रुपमा कुनै भागको लागत अनुमान बढि देखिन्छ । यस सम्वन्धमा कार्यालयले लागत अनुमान तयार गर्दा विशेष ध्यान दिनुपर्ने देखियो ।

१७. **पदाधिकारीको सुविधा :** प्रदेश नं. ३ बाट स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई दिने सुविधा सम्वन्धी कानून विपरित पदाधिकारीहरुले मासिक रुपमा प्राप्त गर्ने सुविधाका अतिरिक्त विभिन्न समितिको बैठक भत्ता भुक्तानी गरेको देहाए अनुसार देखिएको सम्वन्धित कर्मचारी तथा पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु **४३५४५५.००**

क्र.स.	**गो.नं./मिति**	**विवरण**	**कर रकम**
१	३४-०७४/१२/८	पदाधिकारी बैठक भत्ता	३१७०५.०
२	८३-०७५/३/२९	पदाधिकारी बैठक भत्ता	४०३७५०.०
जम्मा			**४३५४५५.००**

१८. **नन फाइलर भ्याट भुक्तानी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले कारोबार भएको अर्को महिनाको २५ दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष विवरण पेश गर्नुपर्ने व्यवस्था छ । भौ.नं ६४-०७५/१/२३ र भौ.नं. ३५-०७४/११/२७ विरेन्द्र मा.वि. गाईघाट शैलुङ- ५ को निर्माण कार्यको भुक्तानीमा २०७० सालबाट भ्याट विवरण पेश नगरी नन-फाइलर रहेको तलेजु ट्रेड सेन्टरलाई मू.अ.कर क्रमश रु ५६,२९८।- र ५३,७३६।-गरी जम्मा रु १,१०,०३४।-भुक्तानी गरेको देखिएकोले उक्त रकम सम्वन्धित फर्मबाट असुल

	गरी केन्द्रीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु...	१०८३८३.४९
१९.	**प्रमाण पेश :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा रित पूर्वक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिम गरेकोमा नियमानुसार रित नपुऱ्याई भुक्तानी गरेको हुँदा आवश्यक प्रमाण संलग्न राखी नियमित गर्नुपर्ने देखिएको रु .	२६०७५०.००

क्र. स.	गो.नं./मिति	विवरण	रकम	कैफियत
१	६८-०७५/३/१३	गाउँसभा बैठकको खाजा खर्च बिल भुक्तानीमा बिल संलग्न नरहेको	३५८५०.०	बिल भरपाई संलग्न राख्नुपर्ने
२	१३५-०७५/३/२२	e– attendance खरिद गर्दा फोटोकपी बिल राखी भुक्तानी भएको	२०७९००.०	सक्कल बिल प्रमाण पेश गर्नुपर्ने
३	१५०-०७५/३/३२	दलित प्रोफाईल तयारी हुदा ८०० प्रति ढुवानी खर्च नियमसम्मत मान्न नसकिएको	१७०००.०	पुष्ट्याई सहित नियमित गर्नुपर्ने
		जम्मा	**२६०७५०.०**	

२०.	**भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी/ कर्मचारीको भ्रमण सम्वन्धि अभिलेख खाता अनुसूचि ६ अनुसारको ढाँचामा राख्नुपर्नेमा सो गरेको देखिएन । नियमानुसारको व्यवस्थाको परिपालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ । ।	
२१.	**भ्रमण खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । देहाएका कर्मचारीलाई भ्रमण भत्ता भुक्तानी गर्दा भ्रमण गर्ने स्थान नखुलाई पेश गरेको भ्रमण बिल सम्वन्धमा भ्रमण स्थान नै उल्लेख नगरी भ्रमणको पुष्टी हुने कागजात पेश हुनुपर्ने र इष्टिमेट विल राखि भुक्तानी दिएको नियमित मान्न नसकिने रु.	१२८७८०.००

क्र. स.	गो.नं./मिति	विवरण	रकम	कैफियत
१	७-०७४/९/११	लाल बहादुर गुरुङ	२३३३०.०	भ्रमण स्थान नखुलेको
२	८-०७४/९/११	लाल बहादुर गुरुङ	७०००.०	भ्रमण स्थान नखुलेको
३	१७-०७५/१/८	चिना तमाङ	१५९००.०	भ्रमण स्थान नखुलेको
४	१८-०७४/१२/२२	राजु खड्का वडा नं. ६	२१३००.०	ईष्टिमेट कागज राखि भुक्तानी
५	१९-०७४/१२/२९	धावा वाङ्गेल	३१२५०.००	ईष्टिमेट कागज राखि भुक्तानी
६	१४७-७५/२/२२	बलराम बुढाथोकी	३००००.०	भ्रमण स्थान नखुलेको
		जम्मा	**१२८७८०.०**	

२२.	भौ.नं. ११२-०७५/२/२९ **असुल गर्नुपर्ने** : सयपत्री साना किसान कृषि सहकारी संस्था लिमिटेडलाई २३ वटा बोका र ४ वटा राँगा खरिद गरी कृषकलाई वितरण गर्ने कार्यक्रम अर्न्तगत रु ४ लाख खर्च लेखेको छ । वितरण भरपाई ७ जनालाई २ वटाका दरले र ८ जनालाई १ वटाको दरले जम्मा २२ वटा बोका वितरण गरी २६ वटाको खर्च रु २,००,०००।- लेखेको छ । बाँकी ४ वटाको मौज्दात नदेखिएको हुँदा प्रति गोटाको दरले हुन आउने रु ७,६९२.३१ को दरले असुल गर्नुपर्ने रु.	३०७७०.००
२३.	**मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशकट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष करिव ९५ वटा निर्माण कार्यका लागि गठित भएका उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर वापत रु १,००,७२,३०५।६७ भूक्तानी गरेकोले नियम संगत देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखियो ।	

२४.	**कार्यविवरण :** कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यविवरण दिई कार्यमा स्पष्टता ल्याउनुपर्दछ । स्वास्थ्य, शिक्षा, कृषि, पशुसेवामा कार्यरत कर्मचारीहरुको कार्यविवरण तयार गरी जिम्मेवारी तोक्नुपर्नेमा सो गरेको देखिएन । जसबाट अधिकार र जिम्मेवारी स्पष्ट नभई कार्यसम्पादनमा असर परेको देखिन्छ । कार्यालयले कार्यविवरण बनाई कार्यान्वयन गर्नुपर्ने देखियो ।	
२५.	**शिक्षक अभिलेख :** गाउँपालिका क्षेत्रभित्र कार्यारत शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, अवकाश तथा राजीनामा आदीको अद्यावधिक अभिलेख तयार गर्नुपर्नेमा सो गरेको देखिएन । यो वर्ष शिक्षक तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको तलव भत्ता रु ७,२९,९२,५२३। निकासा गरेको देखियो । अभिलेख अभावका कारण दोहोरो निकासा भए नभएको एकिन गर्न सक्ने अवस्था रहेन । कार्यक्रममा कार्यरत श्रोत व्यक्ति मार्फत अभिलेख व्यवस्थापन गरि अद्यावधिक गरी खर्चको पुष्टी हुने कागजात पेश हुनु पर्दछ ।	
२६.	भौ.नं. ४४- ०७५/३/३२ **आ.ले.प. बेरुजु :** : २०७४ असोज ६ गतेको बैंक स्टेटमेन्ट तथा बैंकमा रकम जम्मा गर्न पठाएको पत्रको प्रतिलिपिको आधारमा रु २,३९,१९३।- को भौचर तयार भएको देखिएकोमा अ.हे.व.श्री प्रविण कुमार चौधरीको सञ्चय कोष, बिमा कोषको रकम जम्मा भएको नदेखिएकोले सोको प्रमाण संलग्न गर्नुपर्ने देखिएको रु.	२३९१९३.००
२७.	**सेवा करार :** सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ९४ (१) मा कार्यालय सुरक्षा, चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा रु १ लाख रुपैया भन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी प्रक्रिया बमोजिम करारमा लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले केहि सूचना प्रकाशन गरेर, केही सिधै र केहि विगतमा करारमा नियुक्त गरेका कर्मचारीहरुलाई निरन्तरता दिई २८ जना करारमा नियुक्त गरी रु ४४,५७,१७१।- खर्च लेखेको छ । यसरी नियमानुसार करारमा नियुक्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।	
२८.	**पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-९ बमोजिम पेश्की फछ्र्योट हुनुपर्दछ । समयमा पेश्की फछ्र्योट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार साविक ४ गा.वि.स.को २४ जनाको नाममा रु ९,१५,१००।-पेश्की फछ्र्योट नभई बाँकी रहेकाले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.	९१५१००.००
२९.	**आर्थिक सहायता :** कार्यालयले आन्तरिक आय शीर्षकबाट खर्चको बिल भरपाई राखी ११ जनालाई रु१,४०,०००।-.आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
३०.	**विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regularity Application (SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । उक्त सफ्टवयर प्रयोग गरी सिघ्र व्यवस्थित गर्नुपर्दछ ।	
३१.	**अन्य सुविधा :** ईन्जिनियरिङ तर्फका कर्मचारी मध्ये ईन्जिनियरलाई तलव स्केलको ३५ प्रतिशत र अन्य ईन्जिनियरिङ प्राविधिकलाई मासिक तलवको ४० प्रतिशत गाउँसभाको निर्णयको आधारमा भुक्तानी गरेको देखियो । सुचक वनाई सो अनुसार भुक्तानी गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।	
३२.	**बिमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा १० लाख भन्दा बढीको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लान्ट लगायतको बिमा गर्नुपर्ने व्यवस्था भए पनि सो अनुसार बिमा गरेको नदेखिँदा जोखिम न्यूनिकरणमा असर परेकोले नियमानुसार विमा गर्नुपर्दछ ।	
३३.	**सम्परीक्षण तथा अनुगमन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ (२) अनुसार लेखापरीक्षणबाट कायम भएका बेरुजू प्रमाण पेश गरी वा नियमित गरी वा गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुखको हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षणको क्रममा निम्नानुसारको संपरीक्षण गर्न अनुरोध भई देहायानुसार मनासिव देखि संपरीक्षण भएको छ ।	

आर्थिक वर्ष : २०७३/७४ को मलेपमा समावेश भएको ।

वेरुजू दफा	बेरुजूको संक्षिप्त विवरण	बेरुजू फछ्र्यौटको व्यहोरा	रकम	कैफियत
१९	साविक ताम्चेत दुधपोखरी गाविस सचिव लाल बहादुर गुरुङ्गले पुजिगत खर्च सीमा भन्दा वढि खर्च लेखेको ।	तत्कालिन सचिव लाल ब. गुरुङ्गले नेपाल वैंक भौ.नं.१२७८६७९ मिति ०७४।११।१० को दाखिला भौचर पेश गरेको प्रमाणको आधारमा फछ्र्यौट गरिएको ।	१६४८९.६२	
२४	थगम खेल मैदान निर्माण उसले सम्झौता बमोजिम कार्यसम्पन्न नगरेको अध्यक्ष कृष्णध्वज योञ्जनबाट असुल हुनुपर्ने ।	कृष्णध्वज योञ्जनबाट नेपाल वैंक लि. दोलखाको भौ.न. १५७१६१९ मिति ०७५।६।२१ मा दाखिला भएको प्रमाण पेशको आधारमा फछ्र्यौट गरिएको ।	२४२७.७५	
३० क	विकाउ महतोलाई साविक शैलुङ्गेश्वर गाविस अन्तर्गतको स्वास्थ्य चौकी मर्मत पेश्की बाँकी रहेको ।	गाँउपालिकाले कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, विल भरपाई र मूल्यांककनको आधारमा पे.फ. गरेको प्रमाण पेश भएको आधारमा फछ्र्यौट गरिएको ।	८५०००.०	
	जम्मा		**१०३९१७.४**	

३४. **वित्तीय जवाफदेहिता मूल्यांकन** :कार्यालयको लेखापरीक्षणको क्रममा कार्यसम्पादनको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन र विकास निर्माण गरी ४ मुल विषयमा केन्द्रित रही २० वटा सूचक प्रयोग गरी कार्यालयको वित्तीय जवाफदेहिताको स्तर मूल्याङ्कन गरिएको छ । सो मूल्याङ्कनमा यस कार्यालयलाई बि ग्रेडमा ग्रेडिङ्ग गरिएको छ । औंल्याइएका कमजोरी तथा सुधारका स्रोतमा अभिवृद्धि गर्नेतर्फ कार्यालय क्रियाशिल हुनुपर्दछ ।

३५. **बेरुजू :** गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ५ लाख ७५ हजार, अनियमित बेरुजू रु. ५ लाख ५० हजार, प्रमाण पेश गर्नुपर्ने रु. २लाख ३९ हजारर पेश्की रु. ९ लाख १५ हजारसमेत रु. २४ लाख २१ हजार बेरुजू भएकोमा प्रतिक्रियाबाट रु. १ लाख ४२ हजार फछ्र्यौट भई रु. २२ लाख ७९ हजार कायम भएको छ ।

३६. **अद्यावधिक बेरुजू स्थिति :** सैलुङ गाँउपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ ।

गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी रु.	यो वर्षको कायम बेरुजू रु.	बाँकी रु.
२७०९०००.००	२२७९०००.००	४९८८०००.००

अनुसूची– १

शैलुङ गाँउपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) २०७४।७५

रु.हजारमा

जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
दोलखा	शैलुङ गाँउपालिका	२५	१२	२४२१	०	४	१४२	२५	८	२२७९	५७५	५५०	२३९	०	०	१३६४	०	९१५	९१५

प्रदेश नं. : ३

अनुसूची - १

शैलुङ गाँउपालिकाको सञ्चित कोष विवरण २०७४/७५

रु. हजारमा

स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
		गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
		१	२	३	४	५	६	७	८	९	१०
शैलुङ गाँउपालिका	दोलखा	५८३०	१५०९४९	९१६५६	४९४०१	२९७८३६	१९१७७	१११४०३	१३६३१३	२६६८९३	३०९४३